प्लास्टिकको प्रयोग नगरौं,
वातावरण स्वस्थ राखौं
- प्लास्टिक चार सय वर्षसम्म कुहिंदैन ।
- यसले जमीन तथा जल प्रदूषण गर्छ ।
- प्लास्टिकका भाँडामा तातो खाद्य पदार्थ राख्दा क्यान्सरजस्तो घातक रोग लाग्न सक्छ ।
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ ।
- खोलानाला वा समुद्रमा प्लास्टिक परे पानी प्रदूषित हुन्छ ।

त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० पुस १५ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 December 31 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १२१


### क्रसर उद्योगलाई वन कार्यालयद्वारा पत्राचार

## नदीजन्य पदार्थ बोक्ने सवारीसाधन जफत गर्ने

प्रस, निजगढ, १४ पुस/

डिभिजन वन कार्यालय, बाराले अवैधरूपमा नदीजन्य पदार्थ ओसारपोसार नदीखोलाबाट प्रमाणपुर्जीविना ल्याइएका नदीजन्य पदार्थ खरीद गरेको, उक्त उद्योगका सञ्चालकहरूले नदीजन्य उद्योगहरूलाई चेतावनी दिएको छ ।

गत आर्थिक वर्ष २०७९/८० मा निजगढ नगरपालिकाले नदीजन्य पदार्थ दङ्गाल बालुवा प्रशोधन उद्योगमा छ लाख ८६ हजार ०५४.८८ क्युफिट नदीजन्य पदार्थ रहेको जनाएको थियो ।



निजगढस्थित बकैया खोलाबाट अवैधरूपमा सङ्कलन गरिएका नदीजन्य पदार्थ क्रसर उद्योगबाट बिक्रीका लागि लैजाँदै गिट्टी, बालुवा लोड टिपर र निजगढका क्रसर उद्योगमा केही समयअघि थुपारिएका नदीजन्य पदार्थ र प्रशोधित नदीजन्य वस्तु । तस्वीरः प्रतीक

गर्ने बोझ वाहक सवारीसाधनहरूलाई वन ऐन अनुसार कारबाई गर्ने र सवारीसाधनहरू जफतसमेत गर्ने जनाएको छ ।

आफू मातहतका निकाय तामागढी सबडिभिवन वन कार्यालय निजगढ, निजगढ सबडिभिवन वन कार्यालय भमरालाई निर्देशानात्मक र निजगढ नगरपालिकालाई आवश्यक सहयोग गरिदिन भन्दै डिभिजन वन कार्यालय, बाराले पुस ११ गते निजगढका सम्पूर्ण क्रसर उद्योगलाई कडाइका साथ पत्राचार गरेको हो ।

निजगढ नगरपालिका–४ मा रहेका नेपाल क्रसर उद्योग, शङ्कर स्टोन क्रसर उद्योग, वडा नं ९ मा रहेका बकैया बालुवा प्रशोधन उद्योग, लालबकैया रोडा ढुङ्गा उद्योग, दङ्गाल बालुवा प्रशोधन उद्योग, चौलागाईं रोडा ढुङ्गा उद्योग, हिमाल क्रसर उद्योग, वैष्णवी रोडा ढुङ्गा उद्योगलाई समेत डिभिजन वन कार्यालय, बाराले पत्राचार गर्दै स्थानीय बकैया, धन्सार खोलालगायत अन्य पदार्थ उत्खननदेखि प्रशोधन, उत्पादन एवं उपउत्पादनको व्यवस्थापनसम्ममा विविध शर्त एवं ऐन नियमको पालना नगरेको देखिएको जनाएको छ ।

स्थानीय पालिका कार्यान्वयनको चरणमा रहेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको शर्तको बर्खिलाफ काम गरेको, नदीजन्य पदार्थको प्रयोगबाट उत्पादन भएको धुलो, टेनडाउन गिट्टीलगायतका उपउत्पादनको व्यवस्थापन उचित तवरले नगरी बकैया खोलाका नदी उकास क्षेत्रमा जथाभावी फालिएको सो पत्राचारमा जनाएको छ ।

उद्योगका सञ्चालकहरूले नदीजन्य पदार्थ उत्खननदेखि प्रशोधन, उत्पादन एवं उपउत्पादनको व्यवस्थापनसम्ममा वन ऐन २०७६, वातावरण संरक्षण ऐन २०७६, वन नियमावली २०७९ र वातावरण संरक्षण नियमावली २०७७ विपरीत कार्यहरू गरिरहेको पाइएकाले यस्ता कार्य तत्कालै बन्द गर्न गराउनसमेत क्रसर (दहत्तर बहत्तर)को विद्युतीय ठेक्का बन्दोबस्ती लगाए पनि ठेक्का लाग्न सकेन ।

निजगढ नगरपालिकाको वडा नं ४ कछडिया टोल र वडा नं ९ मा रहेका आठवटा क्रसर उद्योगमा हाल ८५ लाख ७६ हजार ७७६.५० क्युफिट नदीजन्य पदार्थ मौज्दात रहेको निजगढ नगरपालिकाले जनाएको छ ।

निजगढ नपाका इन्जिनीयर रूपेश यादव नेतृत्वको प्राविधिक टोलीले बकैया बालुवा प्रशोधन उद्योगमा चार लाख ५४ हजार ४२२.३० क्युफिट, नेपाल क्रसर उद्योगमा २२ लाख ३० हजार ४५४.५० क्युफिट, शङ्कर स्टोन क्रसर उद्योगमा १५ लाख ४२ हजार ४५४.३० क्युफिट, लालबकैया रोडा ढुङ्गा उद्योगमा आठ लाख ४१ हजार ९१८.३९ क्युफिट, हिमाल क्रसर उद्योगमा चार लाख ७३ हजार ७९९.८२ क्युफिट, चौलागाईं रोडा ढुङ्गा उद्योगमा १८ लाख ९७ हजार ९४०.५२ क्युफिट, वैष्णवी रोडा ढुङ्गा उद्योगमा चार लाख ४९ हजार ७३१.८० क्युफिट, उक्त परिमाण टेन डाउन गिट्टीबाहेक क्रसर उद्योगबाट उत्पादन, प्रशोधन गरिएको र नगरी थुपारिएका सबैको स्थलगत नापजाँच गर्दा निस्किएको नदीजन्य पदार्थ ग्राभेल, ढुङ्गा, गिट्टी, बालुवाको परिमाण रहेको निजगढ नपाका ई यादवले जानकारी दिएका थिए । निजगढ नपाको निर्देशनमा गएको प्राविधिक टोलीले गत साउन ११ गते एक सातासम्म गरेको स्थलगत अनुगमनबाट उक्त परिमाण निकालेको हो ।

नदीको ठेक्का नलागेपछि क्रसर उद्योगहरूमा ल्याइने नदीजन्य पदार्थ गैरकानूनी देखिन्छ भने निजगढ नगरपालिकाले बकैया पुल र पुरानो निजगढको फूटबल मैदाननजीकैको बकैया ड्याममा कर्मचारी खटाउँदै आन्तरिक राजस्व सङ्कलनको नाममा कर सङ्कलन गर्दै आइरहेको छ । कर सङ्कलन गर्दा दैनिक रु ५० हजारदेखि पाँच लाखसम्म सङ्कलन हुने देखिएको छ ।

## एउटै बोटमा २० किलो गोलभेंडा

प्रस, सिम्रौनगढ, १४ पुस/

सिम्रौनगढ नगरपालिका–१ खजानी टोलका राजकुमार कुशवाहाले लगाएको गोलभेंडा खेतीमा एउटै बोटबाट २० किलोसम्म गोलभेंडा फलेको छ । उनले अभिलाषी र युएस कम्पनीका १५०५ जातको गोलभेंडा लगाएको र त्यसको एउटा बोटबाट १५ देखि २० किलोसम्म गोलभेंडा फलेको दाबी गरे । उनले एउटै बोटबाट यत्रो



गोलभेंडा टिप्दै कुशवाहा । तस्वीरः प्रतीक



विधि गोलभेंडा फलेपछि त्यसको वजन थेग्ने गरी बाँसका लट्ठीले आड दिएको बताए ।

यसैगरी, साधारणतया एक सय ग्रामदेखि आधा किलो वजनसम्मको चुकुन्दर बजारमा पाइने भएपनि उनको खेतमा अढाई किलोको एउटै चुकुन्दर फलिरहेको छ । कुशवाहाले शताब्दी जातको चुकुन्दर लगाएको र एउटै चुकुन्दर अढाई किलो वजनको भएको बताए ।

## वृद्धद्वारा पासो लगाएर आत्महत्या

प्रस, पंचगावाँ, १४ पुस/

पटेर्वासुगौली गाउँपालिकामा शनिवार एकजना वृद्धले पासो लगाएर आत्महत्या गरेका छन् । पटेर्वासुगौली गापा–५ स्थित हुलाकी सडकखण्डको मनिहर्वानजीक गाई फार्ममा वीरगंज महानगरपालिका–१६ मिथिलानगरका पुरुषोत्तम क्षत्री पासो लगाएर आत्महत्या गरेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

खाली अवस्थामा रहेको गाई फार्ममा क्षत्री झुन्डिएको अवस्थामा फेला परेको वडाध्यक्ष विपिन मुखिया बिनले बताए । इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले शवलाई शल्यपरीक्षणको लागि नारायणी अस्पताल, वीरगंज पठाएको बताए । झुन्डिएको अवस्थामा भेटिएकोले आत्महत्या देखिएको तर यस विषयमा थप अनुसन्धान भइरहेको उनले बताए ।






## चारजना महिलासहित ४४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १४ पुस/

नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना दिवसको अवसरमा शनिवार सिमरा विमानस्थलमा आयोजित रक्तदान कार्यक्रममा चारजना महिलासहित ४४ जनाले रक्तदान गरेका छन् ।




कार्यक्रममा लीला सुवेदी, विपिन आचार्य, अंशु गुप्ता, सन्तोष वाग्ले, शेख मोख्ताब, यमबहादुर विक, भुपेन्द्र चौधरी, सोनालाल यादव, सुनील मण्डल, सरीता चौधरी, जुना घिमिरे, रमेश श्रेष्ठ लगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

## बुढ्यौली साहित्य समाज पर्सा गठन

प्रस, वीरगंज, १४ पुस/

वीरगंजमा शनिवार बुढचौली साहित्य समाज, पर्सा गठन भएको छ ।




ज्येष्ठ नागरिक पार्क, वीरगंज महानगरपालिका–१५ मा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माको अध्यक्षतामा सम्पन्न साहित्यकारहरूको भेलाले सरीता अर्यालको संयोजकत्वमा बुढचौली साहित्य समाज, पर्सा गठन गरेको हो ।

समाजका सदस्यहरूमा सीता शर्मा, आमोद गुप्ता, हरिकृष्ण बराल, प्रमोद पाण्डे छन् । बुढचौली साहित्य समाज विभिन्न स्थानमा गठन गर्दै आएका रमेशमोहन अधिकारीको अगुवाइमा पर्सामा पनि बुढचौली साहित्य समाज, पर्सा गठन भएको हो ।

## विचारसार र सूक्तिहरू

**मलाई कसैको खाँचो छैन भन्ने अभिमान हुनुहुँदैन, न यो भ्रम कि सबैलाई मेरो खाँचो छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सोचीबुझी गरौं वाणीको प्रयोग

वाणी ईश्वरप्रदत्त एउटा दैवी उपहार हो, जसलाई पूर्वीय शास्त्रहरूमा सरस्वतीको निवासस्थान मानिएको छ। त्यहाँ वाक्शक्तिको रूपमा यसको वर्णन पाइन्छ। यहाँ वाणीको माध्यमले प्रकट ध्वनिलाई शब्दब्रह्मसम्मको उपमा दिइएको छ। मन्त्रशक्तिको रूपमा यसैको सूक्ष्म स्वरूप प्रकट हुन्छ । यसको सामर्थ्यमा वरदानदेखि शापसम्म घटित हुने कथाहरू शास्त्रहरूमा भरिएका छन्।

**वाणीले लोककल्याणका साथै आत्मनिर्माणको प्रयोजन सिद्ध हुन्छ। आफ्नो मनलाई हमेशा सत्सङ्कल्पपूर्ण वाणीले सम्बोधित गर्दै त्यसलाई सन्मार्गमा हिंड्ने प्रेरणा दिन सकिन्छ।**

लोक–व्यवहारमा वाणीको आफ्नो महत्त्व छ, जुन सामाजिक जीवनमा सफलतादेखि आन्तरिक शान्ति–सन्तोषको आधार बन्छ। वाणीको स्थूलस्वरूप जहाँ वैखरी (वाणीको व्यक्त रूप)को माध्यमले मुखद्वारा उच्चारित हुन्छ भने त्यहीं परा, पश्यन्ती र मध्यमाको माध्यमले अन्त:करणका वाणीहरू प्रस्फुटित हुन्छन्। यसभन्दा पनि पर शास्त्रहरूमा शब्दलाई ब्रह्मको उपमा दिइएको छ । शब्दको ठूलो सामर्थ्य बताइएको छ ।

जब हामी कुनै शब्दको उच्चारण गर्छौं, तब त्यसको प्रभाव व्यक्तिको गुप्त मनमा मात्र पर्दैन, अपितु सारा संसार यसबाट प्रभावित हुन्छ; किनकि शब्द कहिले पनि लोप हुँदैन। प्रत्येक शब्द वायुमण्डलमा ध्वनित भइरहन्छ र त्यो समानधर्मी व्यक्तिको गुप्त मनसँग ठक्कर खाएर त्यसमा तदनुकूल प्रतिक्रिया उत्पन्न गरिरहन्छ।

यो अनुभवसिद्ध कुरा हो कि जसप्रति हामी शब्दद्वारा असल भावना प्रकट गर्छौं, त्यो व्यक्ति थाहै नपाई हाम्रो प्रेमी र शुभचिन्तक बन्न पुग्छ । यसविपरीत जसप्रति हाम्रो विचार वा शब्द कलुषित हुन्छ, ऊ अनायास हाम्रो अहितचिन्तक शत्रु बन्छ अर्थात् शुभ एवं मङ्गल वाणीले आप्तजन एवं सर्वसाधारण समाजमा सद्भावनाको प्रचार हुन्छ, जसले समाजको वातावरण आनन्द र उल्लासपूर्ण बन्छ । प्रत्येक शब्द हाम्रो अन्त:करणमा एउटा अमिट गुप्त छाप छोडेर जान्छ, जसले हाम्रो स्वभाव र चरित्र निर्मातामा योगदान दिन्छ।

शब्दका यी अतुलनीय सामर्थ्य देखेर हाम्रा मनीषी एवं शास्त्रहरूले हामीलाई प्रत्येक शब्दप्रति अत्यन्त सावधान रहने सङ्केत दिएका थिए तथा वाणीलाई सदा मधुर, पवित्र एवं हितकारी बनाउन निर्देश दिएका थिए । गोस्वामी तुलसीदासको शब्दमा– 'तुलसी मीठे वचन ते, सुख उपजत चहुँ ओर। वशीकरण एक मन्त्र है, तज दे वचन कठोर।' यसैगरी, 'कागा काको धन हरे, कोयल काको देय । मीठी वाणी बोलकर, जग बस में कर लेय ।' अर्थात् मीठो वचन बोलेर सारा जग आफ्नो वशमा गर्न सकिन्छ । मानिसको हृदयमा आफ्नो स्थान बनाउन सकिन्छ । साथै शास्त्रहरूमा वाणीको सत्य एवं कल्याणकारी स्वरूपमा पनि बल दिइएको छ ।

महर्षि व्यास योगदर्शनको भाष्यमा भन्छन्, सत्यको प्रयोग जीवहरूको हितका लागि गर्नुपर्छ, अहितका लागि होइन; जे बोल्दा प्राणीहरूको हानि हुन्छ, त्यो सत्य भएर पनि असत्य एवं पाप नै मानिन्छ। यस्तो अविवेकपूर्ण सत्य बोल्नाले अरू निर्दोषहरूले कष्ट भोग्नुपर्छ र वक्तालाई पनि पाप लाग्छ । यस कारण परिस्थितिको राम्ररी विचार गरी विवेकको सहारा लिएर सबैका लागि कल्याणकारी होस्, यस्तो मात्र वाणी बोल्नुपर्छ।

यस प्रकार वाणीले अमृत र विषय, दुवैको काम गर्छ । जुन वाणी सत्य, उत्साह तथा उल्लास बढाउने, निष्कपट, मधुरो तथा हितकर हुन्छ, त्यही अमृततुल्य भनिन्छ । यसविपरीत जुन वाणीमा कठोरता, अहंमन्यता, उपहास, कटुता, द्वेषभाव, छिल्लिएको आदि हुन्छ– त्यो आफ्नो र अरूको लागि पनि विषमय एवं हानिकारक हुन्छ ।

वाणीले लोककल्याणका साथै आत्मनिर्माणको प्रयोजन सिद्ध हुन्छ । आफ्नो मनलाई हमेशा सत्सङ्कल्पपूर्ण वाणीले सम्बोधित गर्दै त्यसलाई सन्मार्गमा हिंड्ने प्रेरणा दिन सकिन्छ । मनलाई एकाग्र र शान्त बनाएर एकान्तमा यस्ता शब्दहरूको उच्चारण गर्न सकिन्छ, जसबाट मनलाई नयाँ चेतना र नयाँ प्रेरणा प्राप्त होस् । यस प्रकारको आत्मनिर्देशपूर्ण शब्दहरूद्वारा व्यक्ति आफ्नो मानसिक शक्ति र आत्मबललाई पर्याप्त बढाएर जीवनलाई पवित्र, सुखी र सम्पन्न बनाउन सक्छ । वाणीलाई सशक्त र प्रभावकारी बनाउनका लागि मौनताको अभ्यास गर्न सकिन्छ ।

महात्मा गाँधी भन्ने गथेए कि मौन सर्वोत्तम भाषण हो । यदि बोल्नु नै छ भने कमभन्दा कम बोल। एउटै शब्दले काम चल्छ भने दुई नबोल। फ्रैन्कलिनको शब्दमा–'कमिलाभन्दा राम्रो उपदेश कसैले दिन सक्दैन र ऊ मौन रहन्छ।' कार्ल इलले भनेका छन्–'मौनमा शब्दको अपेक्षा बढी वाक्शक्ति हुन्छ। यसविपरीत वाणीको दुरुपयोगले हाम्रो शक्तिको एउटा ठूलो अंश नष्ट हुन्छ।' त्यसैले इन्द्रिय–संयमका लागि जसरी ब्रह्मचर्यको महत्त्व छ, त्यसैगरी वाणी–संयमका लागि मौनताको महिमा बताइएको छ । यसविपरीत वाचालता, व्यर्थप्रलाप हानिकारक सिद्ध हुन्छ ।

एक त यस्तो गर्दा ऊर्जाको अनावश्यक क्षय हुन्छ, दोस्रो यसबाट व्यक्तित्वको हलुकोपन पनि प्रकट हुन्छ। फेरि यो पनि थाहा हुँदैन कि आफ्नो बहावमा जवाफ कुन बेला फुस्कन्छ र अर्थको अनर्थ निस्कोस्, जुन पछि स्वयम् आफ्नोलागि गम्भीर पश्चात्तापको कारण बनोस् । निस्सन्देह मौन ठूलो शक्ति हो। वाणी–संयम वा यथासम्भव मौनताले वाणीलाई बल प्राप्त हुन्छ।

सप्ताह वा महीनामा एक दिन मौन बसेर त्यो दिन केवल आत्मचिन्तन–मनन र सच्चिन्तनको अभ्यास गर्न सकिन्छ। त्यतिमात्र बोलौं, जति आवश्यक छ । साररूपमा वाणीको उपयुक्त प्रयोग नै श्रेयस्कर हुन्छ । बुद्धिमान् मानिसहरू वाणीको प्रयोग चुनिन्दा शब्दमा गर्छन्। चालनीले जसरी चालेर भूसा छुट्याइन्छ, त्यसैगरी मनले शब्दहरू चालेर जे भन्नु छ, त्यही भन्नुपर्छ। वाणीको सदुपयोग एक प्रकारको साधना नै हो, जसको अभ्यास सबैले गर्नुपर्छ।

# विज्ञान र प्रविधिमार्फत समाज रूपान्तरण

विचार



डा रवीन्द्रप्रसाद ढकाल

**विज्ञान प्रविधिको विकासमा फड्को मार्न नसकेको कारण आज देशबाट धेरै युवा प्रतिभा विदेश पलायन भएका छन्। राज्यको सर्वाङ्गीण विकासको गतिलाई तीव्रता दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध ज्ञान, विज्ञान र प्रविधिको समुचित उपयोग गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु जरुरी हुन्छ।**

नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आबद्ध गर्दै वैज्ञानिक अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति आत्मसात गरेको छ। राष्ट्रको सर्वाङ्गीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्त्वपूर्ण भूमिका रहन्छ । विश्वमा विकसित राष्ट्रहरूको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ। जहाँ विज्ञान र प्रविधिको विकास, प्रवर्द्धन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ।

नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन । विसं २०७६ मा ल्याइएको राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीतिले समेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिंदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरीतिलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको छ। यस नीतिले विज्ञान तथा प्रविधिका प्राय: सबै विधालाई समेट्ने प्रयास गरेको छ । आर्टिफिसियल इन्टिलिजेन्स (एआई), नानो प्रविधि, बायो प्रविधि, परमाणु विज्ञान, इन्जिनीयरिङको अधिकतम उपयोग गरी औद्योगिक उत्पादकत्व वृद्धि, उचित व्यवसायीकरण, दिगो पूर्वाधार विकास, जैविक तथा खनिज स्रोतको उपयोग, वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र सुशासन सेवा प्रवाह, साइबर तथा राष्ट्रिय सुरक्षालाई नीतिमा प्राथमिकता क्षेत्रको रूपमा लिइएको छ।

नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले स्थापनादेखि निरन्तररूपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सूसुचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ । विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरूबीच सहकार्य र समन्वयबाट उद्देश्यप्राप्तिमा प्रभावकारी हुन सक्छ। विज्ञान तथा प्रविधि विकासको लागि नेपाल सरकारले एक अर्बको कोष स्थापना गर्ने चालू आर्थिक वर्षको वार्षिक कार्यक्रममा समावेश गरिसकेको छ । केही प्रक्रियागत व्यवस्थापन भएपछि उक्त कोषबाट प्रतिभावान् युवाहरूलाई स्वदेशमा रहेर अनुसन्धान गर्ने मौका अभिवृद्धि हुनेछ । प्रदेशस्तरबाट पनि विज्ञान तथा प्रविधिलाई प्रवर्द्धन गर्न विशिष्टिकृत अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन प्रारम्भ भइसकेको छ । नेपाली मौलिक प्रविधिलाई समयसापेक्ष परिमार्जन एवं जनोपयोगी बनाउन आवश्यक प्रक्रिया बढाइसकिएको छ ।

मुलुकमा विज्ञान र प्रविधिको प्रवर्द्धनमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले स्थापनाकालदेखि विज्ञान तथा प्रविधिलाई विकाससँग आबद्ध गरी यसको लाभ र उपलब्धिलाई आम जनतामा प्रवाह गरी गुणस्तरीय जीवन हासिल गर्नेमा जोड दिंदै आएको छ । जनताको आवश्यकता र समाज परिवर्तनका लागि वैज्ञानिक अध्ययन र क्रियाकलापहरू सञ्चालनमा विशेष जोड दिंदै नास्टले आफ्ना गतिविधिहरू समाज केन्द्रित गरेर अगाडि बढाइरहेको छ । विश्लेषणात्मक सेवाकेन्द्रमार्फत जीवनका हरेक आवश्यक विश्लेषणात्मक कार्यमा जनतालाई सेवा पुऱ्याउने कार्यमा विज्ञानमा आधारित भई आफ्नो सङ्काय र केन्द्रहरू स्थापना गरिएका छन् ।

नास्टको स्थापना भएको चार दशक भइसकेको छ । विज्ञान र प्रविधिको विकास गर्न नास्टले आफ्नो भूमिका अब फरक ढङ्गबाट निभाउन जरूरत भइसकेको पनि देखिन्छ। तसर्थ आफ्नो चार दशक अगाडि बनाइएको संरचनामा परिमार्जित गर्नु आवश्यक भएको महसूस नास्टले गरेको छ। यसैलाई मनन गरी नास्टको संरचना परिमार्जन गर्दै यसका गतिविधिलाई अझ सशक्त ढङ्गबाट अगाडि बढाउन यसका उद्देश्य र संरचना पुन: परिभाषित र परिमार्जन गर्न मन्त्रालयको प्रतिनिधिसहित विभिन्न प्राज्ञिक संस्थाका प्रतिनिधिहरू सम्मिलित भएको एक संरचना परिमार्जन समितिमार्फत कार्य अगाडि बढाइरहेको छ ।

विज्ञान प्रविधि क्षेत्रको कार्य अन्तरसम्बन्धित भएको हुँदा विभिन्न सङ्घसंस्थाहरूबीच सहकार्य र समन्वयमा मात्र सम्भव छ। एकल संस्थाको प्रयासबाट मात्र सफलता प्राप्त गर्न कठिन हुन्छ । नास्टले यस कुरालाई मनन गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सहकार्य र समन्वय गरी आफ्नो गतिविधि सञ्चालित गरिरहेको छ। पछिल्लो चार वर्षमा करीब चार दर्जन सरकारी, गैरसरकारी, विभिन्न स्थानीय तह, मन्त्रालय, अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समझदारीपत्र र सम्झौतापत्रमा हस्ताक्षर गरी सहकार्य र समन्वयमा वैज्ञानिक गतिविधिहरू अगाडि बढाएको छ ।

हालै नास्टको प्रविधि भवन र बायोमेडिकल रिसर्च ल्याबोरेटरी भवन शुरू भएको छ । यसले अनुसन्धान र प्रविधि केन्द्रहरूबाट अन्तर्राष्ट्रियस्तरका अनुसन्धानका परीक्षणहरू र नतीजाहरू निस्कने वातावरण सिर्जना हुनेछ। प्रविधि विकास भवनबाट प्रविधि विकास र हस्तान्तरणमा सहज हुने, प्रयोगशालाको विकास हुने वातावरण निर्माण गर्न टेवा पुग्ने तथा बायोमेडिकल रिसर्च ल्याबोरेटरी नेपालका औषधिजन्य गुण भएका र औषधि विकास गर्न आवश्यक पर्ने परीक्षणहरू गर्न सहयोग पुग्नेछ ।

विज्ञान र प्रविधिको कुनै सीमा हुँदैन। एक ठाउँको अनुसन्धान र आविष्कार अर्को ठाउँमा सजिलै उपलब्ध र उपयोगी हुने हुँदा विकासको गति विश्वमा अद्भुतरूपमा भइरहेको छ। नास्टले पनि विज्ञान कूटनीतिमा विश्वास राखी विज्ञान कूटनीतिलाई प्रयोग गरी नास्टको समुन्नति र विज्ञान प्रविधि क्षेत्रका विकासमा अग्रसर हुने खालको गतिविधिलाई बढवा दिंदैछ । कोरिया सरकारको एनआइए संस्थाको सहयोगमा नास्टस्थित इन्फरमेशन एक्सेस सेन्टर स्थापना गरी सूचना र सञ्चारसम्बन्धी ज्ञान विद्यार्थी र इच्छुकहरूलाई दिंदै आइरहेको छ । नास्टले आफ्नो गतिविधि सञ्चालन गर्दा समावेशितालाई विशेष ध्यान दिएको छ। युवा वैज्ञानिक फोरम र महिला वैज्ञानिक फोरम स्थापना गरी युवा र महिला वैज्ञानिकको क्षमता अभिवृद्धि गर्ने र युवा एवं महिला वैज्ञानिक र प्राविधिकलाई सहयोग र प्रोत्साहन गर्ने खालका गतिविधिहरू सञ्चालनमा नास्टले सहयोग पुऱ्याउँदै आएको छ। विज्ञान विषयका विद्यार्थीदेखि शिक्षकसम्म युवा नवप्रर्वतनदेखि विश्वविद्यालयका अनुसन्धानकर्तासम्मलाई विभिन्न ढङ्गबाट सहयोग पुऱ्याउँदै आएको छ । विभिन्न संस्थागत प्रतिनिधित्व हुने गरी १६ वटा उपसमितिमार्फत नास्टका गतिविधिमा सहभागी हुने अवसर पनि प्रदान गरिएको छ ।

नास्टले आफ्नो समुन्नतिमा पनि ध्यान दिंदै विज्ञान प्रविधि क्षेत्रको अनुसन्धानमा जोड दिएको छ । रेडियसनसम्बन्धी अध्ययनलाई सहयोग पुऱ्याउन बङ्करसहित अनुसन्धान भवन निर्माण गर्ने कार्यक्रम पनि रहेको छ । यस्तै, आफूले दिइरहेको सेवालाई एकीकृत गरी सहज र प्रभावकारी ढङ्गबाट सर्वसाधारण, सङ्घसंस्थालाई विश्लेषणात्मक सेवा एकै ठाउँबाट दिन विश्लेषणात्मक सेवाकेन्द्रको थालनी नास्टले गरेको छ। ४०० मेगाहर्जको एनएमआर, सिएचएनएस एनालाइजर, एलसी–एमएस, जिसी–एमएस जस्ता अत्याधुनिक उपकरणहरूसहित नास्टस्थित प्रयोगशालालाई अत्याधुनिक एवं समुन्नत पनि बनाइएको छ । प्रत्येक प्रदेशमा एक/एक वटा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना कार्यसमेतलाई अगाडि बढाइ हालसम्म चारवटा केन्द्र स्थापना भइसकेको छ भने अरू दुई तत्कालै खोल्ने प्रक्रियामा रहेका छन् । एक शाखा भने प्रयोगशालामा रूपान्तरण हुने प्रक्रियामा रहेको छ । नास्टले आफ्ना गतिविधि सञ्चालन गर्दा सिर्जनशीलतामा जोड दिएको छ। नास्ट अवस्थित सातदोबाटोदेखि गोदावरीसम्ममा करीब ११ किमि सडकका वरिपरि रहेका वैज्ञानिक सङ्घसंस्थासँग सहकार्य गरी विज्ञान शहरको अवधारणा विकास गरेको छ। यसबाट विज्ञान र प्रविधिप्रति रुचि सर्वसाधारण र विद्यार्थीमा बढाउन एवं विज्ञान प्रविधिसम्बन्धी जानकारीमूलक भ्रमण गर्ने अवसर प्राप्त हुन्छ। नास्टले आफ्नो हाताभित्र विज्ञान र प्रविधि र नवप्रवर्तन पार्क अर्थात विज्ञान पार्कको अवधारणा विकास गरी कार्य अगाडि बढाएको छ ।

विज्ञान प्रविधिको विकासमा फड्को मार्न नसकेको कारण आज देशबाट धेरै युवा प्रतिभा विदेश पलायन भएका छन्। राज्यको सर्वाङ्गीण विकासको गतिलाई तीव्रता दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध ज्ञान, विज्ञान र प्रविधिको समुचित उपयोग गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु जरुरी हुन्छ । नास्टले वैज्ञानिक सङ्घसंस्थाहरूलगायत वैज्ञानिक र प्राविधिकहरूलाई वैज्ञानिक क्रियाकलापमा सहयोग गर्न कार्यविधिहरू निर्णय गरी क्रमश: सहयोगमा वृद्धि गर्दै लगेको छ। पिएचडी र स्नातकोत्तरका विद्यार्थीलाई शोधपत्र तयार पार्न आर्थिक सहयोग गर्नुका साथै अनुसन्धानकर्ताहरूलाई अनुसन्धान वृत्ति प्रदान गर्ने गरेको छ। यस्तै, विद्यार्थीहरूलाई अनुसन्धान गर्न विज्ञान र प्रविधि सङ्कायमार्फत सञ्चालित प्रयोगशाला उपलब्ध एवं सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइएको छ । युवा पलायनलाई रोक्न, अनुसन्धानमा अभिमुखीकरण गर्न र राष्ट्रको समस्या नजीकबाट नियाल्न सहयोग पनि पुगोस् र युवाहरूलाई रोजगारको अवसर पनि जुटोस् भनेर रिसर्च असिस्टचान्ट, रिसर्च फलो, एशोसिएट रिसर्च फेलोजस्ता अनुसन्धान वृत्ति कार्यक्रमहरू सञ्चालन गरी अनुसन्धानकर्मीलाई अवसर सिर्जना गरिएको छ। ४० वर्षभन्दा कम उमेरले एशोसिएट नास्ट फेलो, विशिष्ट अनुसन्धानकर्मी र विज्ञलाई एमिनेन्ट नास्ट फेलो दिने व्यवस्थाले विज्ञहरूलाई अनुसन्धान र ज्ञान अभिवृद्धि गर्ने अवसर पनि नास्टले प्रदान गर्दै आइरहेको छ।

विज्ञान तथा प्रविधि प्राथमिकतामा परेको भएपनि लगानीमार्फत सुनिश्चित गर्न सकेका छैनौं। पर्याप्त बजेट नहुँदा नयाँ अनुसन्धान गर्न सकिएको छैन भने गरिएका अनुसन्धानका आधारमा प्रविधिको विकास हुन सकेको छैन। अर्को मुख्य चुनौतीका रूपमा जनशक्तिको पलायन मुख्य बनेको छ। हामीसँग विज्ञान प्रविधिका क्षेत्रमा गहिरो ज्ञान र अनुभव भएका पर्याप्त जनशक्ति भएपनि उनीहरूलाई परिचालन गर्न आर्थिक, प्राविधिक र संस्थागत संरचनाको अभावले सकेका छैनौं। त्यस्तै, विज्ञान कूटनीतिलाई पनि प्रभावकारीरूपमा अगाडि बढाउन सकिएको छैन।

विज्ञानविना विकास सम्भव छैन । हाम्रोजस्तो विकाशोन्मुख देशमा विकासका लागि विज्ञान हुनु आवश्यक छ। देशको विकास र जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन विज्ञान तथा प्रविधिलाई पूर्णरूपमा सदुपयोग गरी औद्योगिक, सामाजिक क्षेत्रको प्रगतिका लागि वैज्ञानिक खोज र अनुसन्धानलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ। त्यसैले नास्टले स्थापनाकालदेखि नै प्रविधिलाई सरल तथा सहजरूपमा नेपाली समाजमा स्थापित गर्दै आएको छ । वैज्ञानिक अनुसन्धानबाट प्रतिपादन ज्ञान र परम्परागत एवं उदीयमान प्रविधिका उपलब्धिलाई आधारभूत आवश्यकता परिपूर्तिमा केन्द्रित गर्ने तथा देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको बुद्धिमत्तापूर्वक उपयोगमा जोड दिनुपर्ने देखिन्छ । विज्ञान तथा प्रविधिलाई उत्पादनको साधन तथा विकासको पूर्वाधारको रूपमा अङ्गीकार गरी यस क्षेत्रमा राज्यको लगानी उल्लेख्य वृद्धि गरी अनुसन्धान तथा प्रविधिमा प्राथमिकता दिनु आवश्यक छ ।

जनताको अपेक्षा नास्टप्रति बढिरहेको छ । स्वच्छ वातावरण, स्वस्थ खाद्य, आवास, पूर्वाधार, सूचना–सञ्चार, शिक्षा र सामाजिक सुरक्षालगायतका विषयमा विज्ञान र प्रविधि र नवप्रवर्तनात्मक कार्य गरी सुखी एवं समृद्ध राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन आवश्यक छ। उदीयमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै नवप्रवर्तनलाई दिगो विकासका लक्ष्यसँग तादम्यता गर्नेतर्फ हाम्रा प्रयासहरू केन्द्रित हुनुपर्नेछ । आगामी १६औं पञ्चवर्षीय योजनामा विज्ञान तथा प्रविधिमा के कस्ता कार्यक्रमहरू समावेश गरी यस क्षेत्रमा स्थापित हुन सम्भव हुन्छ, गहन छलफल र मन्थन गरेर भावी योजना तय गर्ने कार्य भइरहेको छ । देशको आवश्यकता र प्राथमिकतालाई मनन गरी रणनीतिक योजनाहरूको खाका तयार गरिनेछ। नेपालको हालको मुख्य समस्या भनेको फोहोरमैला व्यवस्थापन, गुणस्तरीय मलको अभाव, ऊर्जाको विविधीकरण, जडीबुटीको उपयोग र प्रशोधन, वन पैदावरको उचित प्रयोग आदि नै हुन् र त्यसमा पनि हामी चुकेको युवा पलायन रोक्न र सम्बन्धित प्रविधिको प्रयोग गरी सकारात्मक सन्देश प्रवाह गर्न नसक्नु नै हो । देश छाडेर विकास हुँदैन, नकारात्मकतालाई प्रोत्साहन गरेर पनि व्यक्तिगत प्रगति हुँदैन। त्यसैले सिर्जनशील युवा विकासमा केन्द्रित हुन विज्ञान र प्रविधिप्रति आकर्षण थपेर सकारात्मक समाज निर्माण गर्नु आजको आवश्यकता हो । (नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नास्ट) का सदस्यसचिव डा रवीन्द्रप्रसाद ढकालसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीको सम्पादित अंश)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## उत्तरी भारत शीतलहरको चपेटामा

नयाँदिल्ली, १४/एएनआई

उत्तर भारतीय क्षेत्रमा चीसो बढ्दै गएको भारतको मौसम विज्ञान विभाग (आइएमडी)ले शनिवार जनाएको छ। विभागले पञ्जाबका अधिकांश भागमा ७–१० डिग्री सेल्सियसको दायरामा न्यूनतम तापमान रेकर्ड गरेको छ।

राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीका अनुसार शनिवार बिहान दिल्ली, राजस्थान र मध्य प्रदेशलगायतका क्षेत्रको तापक्रम ७–१० डिग्री सेल्सियसको बीचमा रहेको बताएको छ। कडा चीसोको चपेटामा उत्तर भारतको विशाल भाग परेको छ। बाक्लो कुहिरोले शहरहरू ढाकेको छ।

स्थानीयहरू न्यानोको लागि आगोको वरिपरि झुम्मिरहेको दृश्य देखिन्छ। उत्तर प्रदेशको प्रयागराज, जयपुर, राजधानीलगायतका शहरहरू शनिवार बिहान शीतलहरसँगै बाक्लो कुहिरो लागेको थियो।

पञ्जाब, हरियाणा, दिल्ली, उत्तर प्रदेश, बिहार, उत्तर राजस्थानलगायतका क्षेत्रमा बिहानी समयमा बाक्लो कुहिरो भारतको मौसम विज्ञान विभाग (आइएमडी)द्वारा कैद गरिएको थियो।

मौसम विभागले डिसेम्बर ३० देखि जनवरी २ सम्म जम्मू–कश्मीर–गिलगिट–बाल्टिस्तान, हिमाचल प्रदेश, उत्तराखण्डमा अधिक कुहिरो लाग्ने सम्भावना उल्लेख गरेको छ।

बाक्लो कुहिरोका कारण यात्रुहरूले पनि कठिनाइको सामना गर्नुपरेको छ। धेरै उडान तथा रेल कम दृश्यताका कारण ढिलो र परिवर्तन भएका छन्।

स्रोतका अनुसार शनिवार बिहान ८:३० बजेसम्म दिल्लीको आइजिआई एयरपोर्टमा मौसमको अवस्थाका कारण करीब ८० उडानकम ढिलाइ भएको छ। रासस



भारतीय राज्य पञ्जाबको जालन्धरमा चीसो बढेपछि बिहान आफूलाई न्यानो पार्न आगोको वरिपरि उभिएका मानिसहरू। एएफपी

## रूसी आक्रमणमा कम्तीमा ३० जना युक्रेनीको मृत्यु

कीएभ, युक्रेन, १४ पुस/एएफपी

रूसले युक्रेनमाथि शुक्रवार गरेको भीषण हवाई आक्रमणमा परी कम्तीमा ३० जनाको मृत्यु हुनुका साथै सयौं घाइते भएका छन्।

युक्रेनी अधिकारीहरूका अनुसार ब्यारेज, विद्यालय, प्रसूति गृह, व्यापारिक केन्द्र र आवासीय भवनमा क्षति पुगेको छ।

सन् २०२२ को फेब्रुअरीको अन्त्यदेखि रूसी सेनामाथि आक्रमण गरिरहेको युक्रेनलाई रूसी क्षेप्यास्त्रले पोल्यान्डको हवाई क्षेत्र पार गरेको थियो र त्यसको अन्तर्राष्ट्रिय निन्दा भएको थियो भने त्यसपछि युक्रेनको सुरक्षाका लागि सैन्य सहयोगको नयाँ प्रतिबद्धता व्यक्त गरिएको थियो।

राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भने, “आज रूसले हामीसँग आफ्नो शस्त्रागारमा भएका लगभग सबै कुराबाट प्रहार गरेको छ।”

रूसले युक्रेनमा १५८ वटा क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको र तीमध्ये ११४ वटा ध्वस्त भएको युक्रेनको सेनाले अनुमान गरेको छ।

वायु सेनाका प्रवक्ता युरी इग्नाटले भने, “यो क्षेप्यास्त्र प्रयोगको दृष्टिकोणबाट अहिलेसम्मकै उच्च सङ्ख्या भएको र एकैपटक धेरैतिर गरिएका सबैभन्दा ठूलोमध्येको क्षेप्यास्त्र आक्रमण हो।

रूसले युक्रेनको हवाई प्रतिरक्षा प्रणालीलाई अधिकांश प्रमुख शहरमा ध्वस्त पार्ने प्रयास गरेको छ। पछिल्लो आक्रमणमा शाहेद ड्रोनहरूलाई शृङ्खलाबद्ध तरीकाले प्रयोग गरिएको छ। युद्धक विमानहरू र रूसी–नियन्त्रित क्षेत्रबाट विभिन्न प्रकारका मिसाइलहरू प्रहार गरिएका छन्।

गृहमन्त्री इगोर क्लाइमेन्कोले टेलिग्राममार्फत जारी सन्देशमा भने, “युक्रेनी भूमिमा रूसले बिहान गरेको भीषण आक्रमणमा परी अहिलेसम्म ३० जनाको मृत्यु भएको छ भने १६० भन्दा बढी मानिस घाइते भएका छन्।

युक्रेनको खार्किभ शहरबाट ८० किलोमिटर उत्तरमा रहेको बेल्गोरोडमा रहेको एक आवासीय भवनमा भएको आक्रमणमा परी एकजनाको मृत्यु हुनुका साथै चारजना घाइते भएका रूसी अधिकारीहरूले बताएका छन्।

रूसको रक्षा मन्त्रालयका अनुसार बेल्गोरोड क्षेत्रमा १३ वटा क्षेप्यास्त्र प्रहार गरिएको छ भने सीमाको उत्तरमा रहेको ब्रायन्स्क, कुर्स्क र ओरिओल क्षेत्रमा र मस्को क्षेत्रमा ३२ वटा ड्रोन खसालेका छन्। रूसी सेनाले गत साता युक्रेनको सैन्य शिविरमा ५० वटा सामूहिक आक्रमण र एउटा ठूलो आक्रमण गरेको जनाएको छ।

संयुक्त राष्ट्रसङ्घले आक्रमणको निन्दा गर्दै तत्काल बन्द गर्नुपर्ने बताएको छ। संयुक्त राष्ट्रसङ्घका सहायक महासचिव मोहम्मद खियारीले भने, “दुःखको कुरा, आजको डरलाग्दो आक्रमण रूसी महासङ्घको बढ्दो आक्रमणको शृङ्खलाको पछिल्लो घटना मात्र हो।”

पोल्यान्डका अनुसार रूसी क्षेप्यास्त्र आफ्नो हवाई क्षेत्र भएर गएको छ। “सबै कुराले रूसी क्षेप्यास्त्र पोल्यान्डको आकाशमा प्रवेश गरेको सङ्केत गर्छ। यो पनि छोडियो,” पोल्याण्डको सशस्त्र बलका जनरल स्टाफका प्रमुख जनरल विस्लाव कुकुलाले भने।

पोल्यान्डका राष्ट्रपति आन्द्रेज डुडासँग कुरा गरेपछि नेटोका प्रमुख जेन्स स्टोल्टेनबर्गले यो गठबन्धन पोल्यान्डसँग ऐक्यबद्धताका साथ उभिएको बताए।

निरन्तर रूसी आक्रमणको सामना गर्दै युक्रेनले पश्चिमी मित्रराष्ट्रहरूलाई सैन्य समर्थन कायम राख्न आग्रह गरिरहेको छ।

युक्रेनका राष्ट्रपतिका सहयोगी एन्ड्री येर्माकले कीभलाई यो आतङ्क रोक्न थप सहयोग र शक्तिको खाँचो रहेको बताए।

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनका लागि नयाँ सहायता स्वीकृत गर्न संसद्सँग आह्वान गरेका छन्। वाशिङ्टनले विद्यमान सम्झौता अन्तर्गत हतियारको अन्तिम प्याकेज जारी गरेपछि अमेरिकी संसद् (कङ्ग्रेस)ले नवीकरण गर्न बाँकी छ।

बाइडेनले भने, “जबसम्म कङ्ग्रेसले नयाँ वर्षमा तत्काल कदम चाल्दैन, तबसम्म हामी युक्रेनलाई उसको सुरक्षाका लागि आवश्यक पर्ने हतियार र महत्त्वपूर्ण हवाई प्रतिरक्षा प्रणाली पठाउन जारी राख्न सक्दैनौं।”

उनले भने, “कङ्ग्रेसले कुनै ढिलासुस्ती नगरी कदम चाल्नुपर्छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष: कार्यनाश | वृष: उदरपीडा |
| मिथुन: विजय | कर्कट: धनक्षति |
| सिंह: भाग्योदय | कन्या: बेचैनी |
| तुला: धनलाभ | वृश्चिक: कर्मप्राप्ति |
| धनु: प्रगति | मकर: वादविवाद |
| कुम्भ: व्यापारवृद्धि | मीन: कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## बालकुमारी घटना : मृतकका परिवारलाई १० लाख क्षतिपूर्ति

काठमाडौं, १४ पुस/रासस

सरकारले शुक्रवार ललितपुरको बालकुमारीमा शभएको घटनामा परी निधन भएका दुईजना युवकका परिवारलाई क्षतिपूर्तिस्वरूप जनही रु १० लाख उपलब्ध गराउने भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिवार भएको मन्त्रिपरिषद्को आकस्मिक बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन्। उक्त घटनामा परी दैलेखका सुजन राउत र अछामका वीरेन्द्र शाहको निधन भएको थियो। सरकारले मृतकप्रति श्रद्धाञ्जलि र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्माले जानकारी दिइन्।

उक्त घटनामा परी घाइते भएकाको उपचारको प्रबन्ध सरकारले मिलाउने भएको छ। घाइतेको उपचारका लागि अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई आवश्यक बजेट उपलब्ध गराउने मन्त्रिपरिषद्ले निर्णय गरेको छ। साथै सरकारले शान्तिसुरक्षा कायम गर्न सबैलाई आग्रह गरेको छ।

उक्त घटनाको छानबीन गर्न गृह मन्त्रालयले शुक्रवार नै समिति गठन गरेको जानकारी दिंदै मन्त्री शर्माले भविष्यमा यस्ता घटना हुन नदिनेतर्फ सरकार सचेत रहेको बताइन्। फरक एक प्रसङ्गमा मन्त्री शर्माले सङ्घीय निजामती ऐन, सङ्घीय प्रहरी ऐनलगायत सङ्घीयता कार्यान्वयनसँग जोडिएका ऐनलाई शीघ्र जारी गर्न प्रधानमन्त्रीले प्रतिबद्धता व्यक्त गरेको जानकारी दिइन्।

सातै प्रदेशका मुख्यमन्त्रीले आज प्रधानमन्त्रीलाई भेटेर सङ्घीयता कार्यान्वयनका निम्ति आवश्यक कानून तत्काल जारी गर्न माग गरेका थिए।

### गोली चलाउन आदेश दिने सुरक्षा अधिकारी निलम्बित

सरकारले ललितपुरको बालकुमारीमा शुक्रवार भौतिक तथा मानवीय क्षति हुनेगरी भएको घटनामा लापरवाही गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउने भएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अन्य विकल्पहरूको प्रयोग नगरी गोली चलाउन आदेश दिने प्रहरी अधिकारीलाई छानबीन पूरा नभएसम्म निलम्बन गरिएको जानकारी दिए।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)को छैटौं राष्ट्रिय ट्रेड युनियन सम्मेलनमा प्रधानमन्त्रीले रोजगार अनुमति प्रणाली (इपिएस) कोरिया शाखाका प्रमुख र सुरक्षा अवस्थाको विश्लेषण नगरी सो क्षेत्र हुँदै भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वाला सवार सवारीसाधन लैजाने सुरक्षाकर्मीलाई पनि निलम्बन गरिएको बताए। प्रधानमन्त्रीसँगको परामर्शपछि उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको निर्देशनमा उनीहरूलाई निलम्बन गरिएको हो।

प्रधानमन्त्रीले आज बिहान उपप्रम एवं गृहमन्त्री श्रेष्ठ, गृहसचिव दिनेश भट्टराईलगायत सुरक्षा अङ्गका प्रमुखसँग सो घटनाका बारेमा जानकारी लिएका थिए। प्रधानमन्त्रीले सत्ता साझेदार दलसँग पनि उक्त घटनाका सम्बन्धमा छलफल गरिएको जानकारी दिए।

## ११ प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ

काठमाडौं, १४ पुस/रासस

नेपालमा ११ प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको पहिचान ‘स्क्रिनिङ’ गरिएको छ। पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनका लागि ३० देखि ४९ वर्ष उमेर समूहका महिलामा स्क्रिनिङ गरिएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय परिवार कल्याण महाशाखाका वरिष्ठ कम्युनिटी प्रशासक कविता अर्यालले स्क्रिनिङ गरिएकामध्ये सात प्रतिशतमा पाठेघरको मुखको क्यान्सर देखिएको जानकारी दिइन्। उनका अनुसार ललितपुर, पाल्पा, सर्लाही, महोत्तरी र रौतहट जिल्लामा उक्त स्क्रिनिङ गरिएको हो।

सरकारले सन् २०३० सम्म ९० प्रतिशत महिलाको महिलाको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गर्ने लक्ष्य लिएको छ।

पाठेघरको क्यान्सर विश्वमा पाँचौं नम्बरमा र नेपालमा पहिलो नम्बरमा पर्छ। उनका अनुसार पाठेघरको मुखको क्यान्सरबाट विश्वमा दिनमा चारजनाको मृत्यु हुने गरेको छ। सरकारले पाठेघरको मुखको क्यान्सरबाट जोगाउनका लागि १० देखि १४ वर्ष उमेर समूहका करीब १० हजार किशोरीलाई गत भदौ २७ गते एचपिभी खोप अभियान सञ्चालन गरेर खोप लगाएको थियो। महिलामा असुरक्षित यौनसम्पर्क, धुम्रपान र सानै उमेरमा विवाह गर्ने जस्ता कारणले पाठेघरको मुखमा क्यान्सर हुने गर्छ।


सरकारले सन् २०३० सम्ममा पाठेघरको मुखको क्यान्सर उन्मूलनका लागि ९० प्रतिशत महिलालाई १५ वर्षको उमेरभित्र एचपिभी खोप लगाउने, ७० प्रतिशत महिलालाई ३५ वर्ष उमेरमा एकपटक खोप लगाउने र फेरि ४५ वर्ष उमेरमा स्क्रिनिङ गर्ने तथा ९० प्रतिशत महिलाको पाठेघरको मुखको रोगको पहिचान गरेर उपचार गर्ने लक्ष्य लिएको छ। यो लक्ष्य पूरा गर्न सक्ने हो भने नेपालमा सन् २०३० सम्ममा ३० प्रतिशत मृत्युदर घटाउन सकिने जनाइएको छ।

मन्त्रालयले पाठेघरको मुखको क्यान्सर रोकथाम निर्देशिका २०७९ अनुसार ३० वर्षभन्दा माथिका सामान्य महिलाको स्क्रिनिङ र एचआइभी सङ्क्रमित भएका महिलाको २५ वर्ष उमेरदेखि नै पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्ने लक्ष्य लिएको छ। निर्देशिका अनुसार सामान्य महिलाको हरेक पाँच वर्षमा र एचआइभी सङ्क्रमित भएका महिलाको हरेक तीन वर्षमा स्क्रिनिङ गरिनेछ।

स्त्रीरोग क्यान्सर विशेषज्ञ डा सरीता घिमिरेले शुरूमा पाठेघरको मुखको क्यान्सरको लक्षण नदेखिने र पछि क्यान्सर बढेपछि मात्र थाहा पाइने बताइन्। उनले महिनावारी नभएको बेला रगत बग्ने, यौनाङ्गबाट रगतसँगै सेतो पानी आउने, यौन सम्पर्कपछि रगत बग्नेजस्ता पाठेघरको मुखमा क्यान्सर भएपछि देखिने लक्षण रहेको बताइन्।

उनले पाठेघरको मुखको क्यान्सर समयमा नै उपचार गरे ठीक हुने बताइन्। धेरैजसो ४० वर्षमाथिका महिलालाई क्यान्सर हुने सम्भावना रहन्छ। उनले पाठेघर फ्याँकेपछि पाठेघरको मुखको क्यान्सर हुँदैन भन्ने गलत धारणाले धेरै महिलाले पाठेघर फालेको समेत बताइन्। “पाठेघर फालेकालाई पनि क्यान्सर हुने सम्भावना हुन्छ,” उनले भनिन्।

प्रशासक अर्यालले ‘ह्युमन प्यापिलोमा भाइरस’ (एचपिभी)ले शरीरमा आक्रमण गरेको १५ देखि २० वर्षपछि पाठेघरको मुखको क्यान्सर देखा पर्ने बताइन्। “एचपिभी भाइरसलाई हाम्रो शरीरको रोग प्रतिरोधात्मक क्षमताले भगाउने गर्छ,” उनले भनिन्, “भाइरसका कारण २० प्रतिशत महिलालाई मात्र क्यान्सर हुने सम्भावना हुन्छ।” एचपिभी भाइरसले ९९ प्रतिशत र असुरक्षित यौनसम्पर्क, धूमपान तथा सानै उमेरमा विवाह गर्नाले एक प्रतिशतलाई पाठेघरको मुखमा क्यान्सर हुने गर्छ।





**सौराहामा हात्तीको वनभोज :** चितवनको पर्यटकीय नगरी सौराहामा जारी १७ औं चितवन हात्ती तथा पर्यटन महोत्सवमा शुक्रवार यहाँका हात्तीलाई वनभोज खुवाइयो। चित्रसारी मैदानमा सरकारी र निजी ६५ वटा हात्तीलाई वनभोज खुवाइएको हो। वनभोजमा हात्तीलाई मन पर्ने खानेकुराहरू उखु, गाजर, बन्दा, सुन्तला, ड्रागन, स्याउ, फर्सीलगायत विभिन्न खानेकुरा खुवाइएको थियो। तस्वीरः रासस

# चीसो अझै एक साता हुने –मौसम पूर्वानुमान शाखा

प्रस, परवानीपुर, १४ पुस/

मध्य तराईमा बढ्दो शीतलहरको कारण यहाँको जनजीवन कष्टकर भएको छ। शुक्रवार साँझदेखि चलेको पश्चिमी हावाका कारण हिजो रातिदेखि बढेको चीसोले शनिवार पनि दरिलो डेरा जमाएको छ। चीसो बढेको कारण सर्वसाधारण एवं दैनिक ज्यालादारी गर्ने मजदूरलाई असर गरेको छ।



जाडो बढेपछि पर्सागढी नगरपालिका वडा नं ९ का पूर्ववडाध्यक्ष रामनारायणप्रसाद गौरोलगायतका स्थानीयहरू आगो ताप्दै। तस्वीरः नरेश यादव

पुसको पहिलो सातादेखि नै चीसो बढ्ने अनुमान गरिए तापनि अहिले पुसको दोस्रो साता लागेपछि चीसो बढेको छ। आज पर्सा र बारा जिल्लामा अधिकतम २६ डिग्री र न्यूनतम ११ डिग्री मापन गरिएको प्रादेशिक कृषि निर्देशनालय परवानीपुरस्थित हावापानी तथा मौसम पूर्वानुमान शाखाले जनाएको छ।

शनिवार हावामा पानीको मात्रा ६६ प्रतिशत रहेको छ भने आगामी एक सातासम्म चीसो अझै बढ्ने सो शाखाले अनुमान गरेको छ। यस अवधिमा न्यूनतम तापक्रम नौ र अधिकतम तापक्रम २५ डिग्री सेल्सियस हुने शाखाको पूर्वानुमान छ।

# राप्रपाले देशलाई निकास दिन्छ –सांसद जयसवाल

प्रस, वीरगंज, १४ पुस/

राष्ट्रिय प्रजातन्त्र पार्टीकी नेत्री सांसद वीणा जयसवालले राप्रपाले देशलाई निकास दिने बताएकी छन्।

वीरगंज महानगरपालिका–२१ लिपनीबिर्ताको वडा अधिवेशन उद्घाटन गर्दै उनले अहिले देश जुन बाटोबाट हिंडिरहेको छ, यसले जनतालाई सुशासनको प्रत्याभूति हुन नसकेको बताइन्। उनले भोलि देश कता जाला भन्ने अन्योलको स्थिति रहेको र यो अन्योलको अवस्थाबाट देशलाई राप्रपाले मात्र निकास दिन सक्ने बताइन्। उनले नेपाली राजनीतिमा राप्रपा एउटा प्रबल विकल्प भएकोले आगामी चुनावमा तराई–मधेससँगै देशभरि राप्रपालाई बलियो बनाएर लैजानुपर्ने बताइन्।

उनले शुक्रवार काठमाडौंमा भएको झडप र गोली प्रहारबाट दुईजना युवकको मृत्यु भएको कारणले सरकारको चौतर्फी आलोचना भइरहेको बताइन्। उनले अहिले गठबन्धनको सरकार चलाउनेहरू आत्माबाटै सच्चिन आवश्यक रहेको बताइन्।

वडा अधिवेशनले ऋषि श्रीवास्तवको अध्यक्षतामा ५५ सदस्यीय वडा एकाइ समिति चयन गरेको छ। एकाइ समितिको उपाध्यक्ष महेन्द्रराउत कुर्मी, सचिव रामएकबालराउत कुर्मी, कोषाध्यक्ष राजेशप्रसाद कुर्मीलगायत छन्। यसैगरी, द्रौपदी देवीको अध्यक्षतामा १९ सदस्यीय वडा महिला समिति चयन भएको छ।

राप्रपा वीरगंज महानगर अध्यक्ष रामेश्वर यादवको अध्यक्षतामा सम्पन्न अभिवेशनको उद्घाटन सत्रमा राप्रपा मधेस प्रदेश कोषाध्यक्ष जगरनाथ राउत कुर्मी, राप्रपा पर्सा उपाध्यक्षद्वय रामअयोध्या राउत कुर्मी र नीरा झा, कोषाध्यक्ष रामेश्वर महतोलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण पन्नालालराउत कुर्मीले गरेका थिए।


## प्रदूषण रोकौं, स्वस्थ बनौं

**वातावरण प्रदूषणका कारणहरू :**

- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोतसाधनको जथाभावी उत्खनन,
- जथाभावी फोहोर विसर्जन,
- प्रदूषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वनजङ्गलको विनाश,
- प्लास्टिकको प्रयोग,
- प्लास्टिकलगायत अन्य वस्तु जलाउनु,

**यस्ता कार्य नगरौं/नगराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## नेविसङ्घको गापा समिति गठन

प्रस, पंचगावाँ, १४ पुस/

नेपाल विद्यार्थी सङ्घ विन्ध्यवासिनी गाउँपालिका समिति गठन भएको छ। नेपाल विद्यार्थी सङ्घ, पर्साका सचिव सुधांशु चौरसियाको अध्यक्षता तथा गापाध्यक्ष विवेक चौरसियाको प्रमुख आतिथ्यमा भएको भेलाले विशाल पटेलको अध्यक्षतामा ५१ सदस्यीय गापा समिति गठन गरेको हो। समितिमा उपाध्यक्ष राजु सहनी, सचिव धीरज चौरसिया, सहसचिव राकेश मुखिया, कोषाध्यक्ष बबली चौरसियालगायत सदस्यहरू छन्।

भेलामा नेविसङ्घ, पर्साका अध्यक्ष रमेशकुमार यादव, महाधिवेशन प्रतिनिधि उमेशकुमार चौरसिया, मुक्ति कुर्मी, वडाध्यक्ष जयप्रकाश चौरसिया, अनुज चौरसिया, राजेश चौरसिया, नगर उपसभापति सन्तोष चौरसिया, नगर सचिव सत्यनारायण ओझा, बुथ सभापति प्रभु चौहान, वाल्मीकि यादव, नेविसङ्घ, पर्साका उपाध्यक्ष बिटु पटेललगायतको सहभागिता थियो।

## चौतारीको अध्यक्षमा भण्डारी

प्रस, वीरगंज, १४ पुस/

प्रेस चौतारी नेपाल, पर्साको शुक्रवार राति सम्पन्न विशेष अधिवेशनले आगामी एक वर्षको लागि तुलसी भण्डारीको अध्यक्षतामा २९ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत चयन गरेको छ।



विशेष अधिवेशनले उपाध्यक्ष राजेन्द्रसिंह नेपाली, नीलम पन्त, सचिव राकेश साह, कोषाध्यक्ष सन्तोष पटेल, सहसचिव धनञ्जय मिश्र र कृष्ण कुशवाहालाई सर्वसम्मत चयन गरेको छ।

# खेलकूदको संसार

## पर्सा–११ लाई हराउँदै पुलिसले उचाल्यो उपाधि

प्रस, परवानीपुर, १४ पुस/

प्रो–क्लब च्याम्पियनशिप टी–२० क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ। वीरगंको नारायणी क्रिकेट मैदानमा शनिवार भएको फाइनल खेलमा पुलिस क्लबले पर्सा–११ लाई एक सय रनको फराकिलो अन्तरले हराउँदै उपाधिमा कब्जा जमाएको हो। टस जिती पहिले ब्याटिङ गरेको पुलिस क्लबले निर्धारित ओभरमा आठ विकेट गुमाएर १४५ रन बनाएको थियो। जवाफी ब्याटिङ गरेको पर्सा–११ भने ११ ओभरमैं सबै विकेट गुमाउँदै ४५ रन मात्र बनाउन सक्यो। पहिले ब्याटिङ गरेको पुलिसका लागि करण केसीले अविजित ४० रनको योगदान दिए। उनले केवल १७ बलमा पाँच छक्का प्रहार गरेका थिए। अर्जुन साउद पनि २६ रन बनाए। शङ्कर राणाले १९ रन जोडे। ओपनर दिलीप नाथले १७ रन बनाए। कप्तान आरिफ शेख १६ रनमा आउट भए। पर्साका बलर सफिउल्लाह अन्सारी र पवन सर्राफले दुई/दुई तथा रूपेश सिंह र रञ्जीत कुमारले एक/एक विकेट लिए। जवाफी ब्याटिङ गरेको पर्साका लागि ओपनर अनिल शाहले मात्र दोहोरो अङ्कमा रन बनाउन सके। उनले १३ रन बनाएका थिए।



प्रो–क्लब च्याम्पियनशिप टी–२० क्रिकेट प्रतियोगिताको उपाधि उचाल्दै नेपाली पुलिस क्लबका खेलाडीहरू। तस्वीरः प्रतीक

पुलिस क्लबका बलर सागर ढकाल एक्लैले चार विकेट लिए। ललित राजवंशी र रासिद खानले दुई/दुई विकेट हात पारे। करण केसी र शेर मल्लले एक/एक विकेट लिए। चर्चित लेग स्पिनर सन्दीप लामिछानेको कप्तानीमा पर्साको टोली फाइनलसम्म पुगेको थियो। तर शनिवारको फाइनल खेल भने सन्दीपले खेल्न सकेनन्। बलात्कार कसूरमा शुक्रवार जिल्ला अदालत काठमाडौंबाट दोषी करार भएपछि उनले फाइनल खेल नखेलेका हुन्। प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले तेस्रो स्थान हासिल गर्‍यो। तेस्रो स्थानका लागि शनिवार नै खेलिएको खेलमा आर्मी क्लबले भारतको वन्डर्स क्लब, नोयडालाई छ विकेटले हराउँदै तेस्रो स्थान हासिल गरेको हो। फाइनल खेलका उत्कृष्ट खेलाडी नेपाल पुलिसका करण केसी घोषित भए भने प्रतियोगिताको उत्कृष्ट खेलाडी नेपाल आर्मीका शहाब आलम घोषित भए। प्रतियोगिता विजेताले नगद रु पाँच लाख र उपविजेता पर्सा–११ ले नगद रु तीन लाख, ट्रफी, मेडल पाएको प्रतियोगिताको आयोजक क्यान पर्साका अध्यक्ष मनीष सिंहले जानकारी गराए। 'म्यान अफ दी सिरिज'लाई नगद रु २५ हजार र 'म्यान अफ दी म्याच'लाई नगद रु पाँच हजार पुरस्कार दिइएको थियो।

## पाँचौं मेयरकप टी–२० को उपाधि पोखरियालाई

दिनेश मिश्र, वीरगंज, १४ पुस/

पोखरिया नगरपालिकाको आर्थिक सहयोगमा वडा नं ६ वडा कार्यालयले आयोजना गरेको मेयरकप टी–२० क्रिकेट प्रतियोगिताको उपाधि पोखरिया नगरपालिकाले जितेको छ।



विजेता टीमलाई शिल्ड दिंदै नगरप्रमुख चौहान। तस्वीरः प्रतीक

शेरा खेलमैदान पोखरियामा शनिवार सम्पन्न फाइनल खेलमा कालिकामाई गापालाई १६ रनअन्तरले पराजित गर्दै पोखरियाले उपाधि जितेको हो। पोखरिया नपाले टस जितेर ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा एक बल मात्र बाँकी हुँदा सबै विकेट गुमाएर १३२ रन बनाएको थियो। प्रतिउत्तरमा १३३ रनको जीतको लक्ष्यसहित मैदानमा उत्रेको कलिकामाई गापा दुई बल मात्र बाँकी हुँदा सबै विकेट गुमाएर ११६ रन मात्र बनाउन सक्यो। फाइनल खेलमा 'म्यान अफ दी म्याच'सहित विकाश दासले 'म्यान अफ दी सिरिज'को उपाधि पनि जिते। उनलाई दुवै उपाधिको लागि रु १६ हजार नगदसहित पुरस्कृत गरियो। यसैगरी, उत्कृट बलर दीपक मिश्र, उत्कृष्ट ब्याट्सम्यान कालिकामाई गापाका अर्जुन शर्मा घोषित भए। उनीहरूलाई जनही सात/सात हजारबाट पुरस्कृत गरियो। प्रतियोगिताको विजेता टीम पोखरिया नपालाई नगरप्रमुख प्रद्युम्न चौहानले नगद रु एक लाख पाँच हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरे भने उपविजेता कालिकामाई गापालाई उपप्रमुख रूबी ठाकुरले नगद रु ५० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरेकी थिइन्।

कार्यक्रममा कालिकामाई गापाका प्रमुख वशिष्ठ कुमार, एमाले नगरअध्यक्ष विन्ध्याञ्चल ठाकुर, वडाध्यक्ष परमानन्द कुर्मी, सुनीत साह, सुजीत गिरी, अब्दुल फरमानलगायतको सहभागिता थियो।

# समाजवादी विद्यार्थीको कार्यसमिति विस्तार

प्रस, वीरगंज, १४ पुस/

जनता समाजवादी पार्टी नेपालको भ्रातृ सङ्गठन समाजवादी विद्यार्थी युनियन पर्सा जिल्ला कार्य समिति विस्तार भएको छ।

कार्यसमितिका अध्यक्ष हरिन्द्र साहले शनिवार ५१ सदस्यीय कार्यसमिति विस्तार गरेका हुन्। विस्तारित समितिको उपाध्यक्ष विवेकराज पटेल, दीपेन्द्र गुप्ता, अञ्जना मल्लिक, सचिव आयुष यादव, सहसचिव दीपक पटेललगायत छन्।

विद्यार्थी युनियनको केन्द्रीय पदाधिकारी बैठकले गत मङ्सिर २७ गते साहलाई पर्सा जिल्ला संयोजकको जिम्मेवारी दिंदै कार्यसमिति विस्तार गर्न निर्देशन दिएको थियो। सोही बमोजिम आज विद्यार्थीहरूको भेला गरी अध्यक्ष साहले कार्यसमिति विस्तार गरेका हुन्।



बैठकमा जसपाका केन्द्रीय सदस्य वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले पार्टीलाई सशक्त बनाउन युवा विद्यार्थीको खाँचो रहेको र पार्टीको विधिविधान अन्तर्गत हिंड्न सुझाए।

कार्यक्रममा केन्द्रीय सदस्य भीमा यादवलगायतको सहभागिता थियो।